नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल
# दन्तकाली विशेष कार्य तालिम शिक्षालय

फोन नं.-९८५१२७२०७३
Webmail- stts@apf.gov.np
Email -dantakalistts@gmail.com

कंचनरुप न.पा.-२, सप्तरी
(प्रबन्ध शाखा)

पत्र संख्या (२०७९/०८०)/ ८४

मिति २०८०।०२। ९ गते ।

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल, नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरी

श्री सोहेल ट्रेडर्स,
हनुमाननगर कंकालिनी न.पा.-३ पोर्ताहा, सप्तरी ।

**विषयः- बोलपत्र छनौट गरिएको सम्बन्धमा ।**

उपरोक्त बिषयमा सशस्त्र प्रहरी बल, नेपाल दन्तकाली बिशेष कार्य तालिम शिक्षालय, सप्तरीमा रहेका प्रयोगमा ल्याईसकेका पुराना जिन्सी सामानहरु सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री प्रयोजनको लागि मिति २०८०।०२।०१ गते दिन ७ (सात) म्यादको सिलबन्दी बोलपत्र आह्वानको सूचना सशस्त्र प्रहरी बल, नेपालको Website, श्री जिल्ला प्रशासन कार्यालय सप्तरी, लेखा नियन्त्रक कार्यालय सप्तरी र ईलाका प्रशासन कार्यालय कञ्चनपुर सप्तरीमा सूचना प्रकाशन तथा टाँस गरे अनुसार यस कार्यालयबाट मिति २०८०।०२।०८ गते कार्यालय समय भित्र बिक्री भएका बोलपत्र फाराम थान-३ (तिन) मध्ये मिति २०८०।०२।०९ बजे १२:०० बजे भित्र यस कार्यालयमा रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र फारम थान-३ (तिन) मिति २०८०।०२।०९ गते १४:०० बजे खोली मूल्याङ्कनका सबै आधारहरु पुरा गरे पश्चात श्री सोहेल ट्रेडर्सले सबै भन्दा बढी रकम रु.३१,५१५।- (एकतिस हजार पाँच सय पन्ध्र मात्र) मु.अ.कर बाहेक कबोल गरेकोले उक्त जिन्सी मालसामानहरुको रकम मुल्याङ्कन समितिबाट छनौट भई लिलाम बिक्रीको लागि सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा ७ (सात) दिनको म्याद दिई सम्झौता गर्न आउनको लागि अनुरोध गरिएको छ ।

साथै यस आशय सूचना उपर चित नबुझेमा अन्य बोलपत्रदाताले उल्लेखित म्यादभित्र यस कार्यालयमा लिखित निबेदन दर्ता गर्न हुन अनुरोध गरिएको छ । अन्यथा माथि उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत भई जाने ब्यहोरा समेत जानकारीको लागि अनुरोध गरीएको छ ।

(टोप बहादुर खनाल)
सशस्त्र प्रहरी उपरीक्षक
समादेशक

**बोधार्थः-**
श्री समिर रहमान, हनुमाननगर कंकालिनी न.पा.३ भारदह सप्तरी ।
श्री मो. ओरनजेब, हनुमाननगर कंकालिनी न.पा.३ पोर्ताहा, सप्तरी ।